# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྐྱོ་ཁྲབ་ལྷན་ཁང་།

नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. ०७७/०७८

च.नं.

**<u>सुरक्षित नागरिक आवास निर्माण (जस्ताको छानो लगाउने) सम्बन्धी सोलुदुधकुण्ड नगरपालिकाको सूचना !!!</u>**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ बमोजिम यस सोलुदुधकुण्ड नगरपालिकाभित्रका गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरबारविहिन भएका, घरपरिवारका घरको छाना पराल, खर, काठ आदि रहेकालाई जस्तापाताको छानामुनि ल्याउने कार्यक्रम भएकोले मिति २०७७ मंसिर ३० गतेभित्र तपसिलका कागजातसहित आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

तपसिलः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. जग्गाधनी प्रमाण पूर्जा वा घरजग्गाको तिरो वा सो बुझेको प्रमाण वा बिजुली, धारा वा अन्य सूविधा शुल्क बुझाएको प्रमाण,
३. विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,
४. प्रकोपका कारण घरबारविहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला प्रशासन कार्यालयको सिफारिस,
५. गरीवीको रेखामुनि रहेका लाभग्राहिको सम्बन्धमा वडा कार्यालयको सिफारिस,
६. बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला आदि आगो पानीले सहजै प्रभाव हुने प्रमाण,
७. गरीवीको रेखामुनि रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरएको घर परिवार भए सोको प्रमाण,

**नोटः लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुली र प्रकोपका कारण घरबारविहिन भएका परिवारलाई प्राथामिकता दिइनेछ ।**

सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु

२०७७/०८/१४

राम कुमार खड्का
शाखा अधिकृत

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. ०७७/०७८

च.नं. १२३६

मिति२०७७/०८/२१

**विषयः सुरक्षित नागरिक आवास निर्माण (जस्ताको छानो लगाउने)सम्बन्धमा ।**

वडा कार्यालय सबै ,
सोलुदुधकुण्ड नगरपालिका ।

प्रस्तुत विषयमा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ बमोजिम त्यस वडाभित्रका भित्रका गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरबारविहिन भएका, घरपरिवारका घरको छाना पराल, खर, काठ आदि रहेका **घरपरिवार**लाई जस्तापाताको छानामुनि ल्याउने कार्यक्रम भएकोले सो कार्यका लागि प्रकाशित सूचना तथा कार्यविधि बमोजिम लाभग्राहिका छनोटका आधारहरु यसैसाथ संलग्न छन् यसका अतिरिक्त थप जानकारीका लागि **सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५** बमोजिम मिति २०७७ मंसिर ३० गतेसम्म तपसिलका कागजातसहित सम्बन्धित घर परिवारहरुको निवेदन फारम संकलन गरी संकलित फारम ३ दिनभित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुली र प्रकोपका कारण घरबारविहिन भएका परिवारलाई प्राथमिकता दिई छनौट गर्नुहुन समेत अनरोध छ ।

तपसिलः

१. संलग्न लाभग्राहि छनौटका आधारहरुको अंङ्क सहितको मूल्याङ्कन तालिका,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. जग्गाधनी प्रमाण पूर्जा वा घरजग्गाको तिरो वा सो बुझेको प्रमाण वा बिजुली, धारा वा अन्य सूविधा शुल्क बुझाएको प्रमाण ,
४. विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,
५. प्रकोपका कारण घरबारविहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला प्रशासन कार्यालयको सिफारिस,
६. गरीवीको रेखामुनि रहेका लाभग्राहिको सम्बन्धमा वडा कार्यालयको सिफारिस,
७. बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला आदि आगो पानीले सहजै प्रभाव हुने प्रमाण,
८. गरीवीको रेखामुनि रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरएको घरपरिवार भए सोको प्रमाण,

सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु

२०७७/०८/२१

राम कुमार खड्का
शाखा अधिकृत